दर्ता नं. ८७८-०६०/६१

Shikhar Insurance
Happysurance

मिति : २०७९।२।१८

च.न.: ६२५४।०७८।७९
नेपाल स्टक एक्सचेन्ज लि.
काठमाण्डौ ।

विषय : जानकारी गराइएको बारे ।

महोदय,

उपरोक्त सम्बन्धमा यस कम्पनीको संचालक समितिको मिति २०७९।२।१७ गते साँझ ४ बजे बसेको २७२ औं बैठकमा आ.व. २०७७।७८ को वित्तीय विवरणहरु सम्बन्धमा छलफल भई निम्नबमोजिमको निर्णय भएको व्यहोरा जानकारी गराउन चाहन्छौं ।

*कम्पनीको १५ औं तथा १६ औं वार्षिक साधारण सभाको निर्णय बमोजिम जारी गरिएको ३० प्रतिशत हकप्रद शेयरको बाँडफाँड तथा सुचिकरण पश्चात कम्पनीको चुक्ता पुँजी रु.२,२८६,०८१,२०० हुने र बीमा समितिबाट जारी गरिएको पुँजी सम्बन्धि निर्देशन बमोजिम २०७९ चैत्र मसान्त सम्म कम्पनीको चुक्ता पुँजी रु.२५० करोड पुऱ्याउन कम्पनीको आ.व.२०७७।७८ सम्मको जगेडाकोषमा पर्याप्त रकम भएको र निर्धारित समयभित्रै न्युनतम चुक्ता पुँजी कायम गर्न सकिने भएतापनि बीमा समितिबाट जारी गरिएको जोखिममा आधारित पुँजी सम्बन्धि निर्देशिकाको अध्ययन गरि कम्पनीको व्यवसाय अनुकुल आवश्यक चुक्ता पुँजी सम्बन्धमा कम्पनीले हाल गरिदैं आएको बिमाकिंय अध्ययन/मुल्याकंन बमोजिम आउँदा दिनमा कम्पनीको चुक्ता पुँजीको पर्याप्तता कायम हुने/नहुने सम्बन्धमा विश्लेषण गरी निर्णय गर्नुपर्ने देखिएको तथा अन्य कम्पनीहरुलाई गाभ्ने/गाभिने वा प्राप्ति गर्ने तथा कम्पनीको अन्य व्यवसायिक रणनीति अनुरुप अन्य कम्पनीसंग गाभ्ने/गाभिने वा प्राप्तिको वातावरण सृजना भएमा सो पश्चात कायम हुने चुक्ता पुँजीको सम्बन्धमा समेत आवश्यक अध्ययन तथा विश्लेषण गरी निर्णय गर्नु वाञ्छनीय भएकोले बीमा समितिबाट जारी समय सिमा भित्रै चुक्ता पुँजी रु.२५० करोड पुऱ्याउने गरी आ.व.२०७७।७८ सम्मको जगेडाबाट हाललाई लाभांस प्रस्ताव नगर्ने निर्णय गरियो ।*

*यस कम्पनीको आ.व.२०७७।७८ को बीमा समितिबाट जारी वित्तीय विवरण तयार गर्ने सम्बन्धि निर्देशन बमोजिमको वित्तीय विवरणहरुको साथै नेपाल वित्तीय प्रतिवेदनमान अनुरुपको वित्तीय विवरणहरु पारित गरी बीमा समितिको स्विकृतार्थ पेश गर्ने निर्णय गरियो ।*

धन्यवाद ।

भवदिय

सुरज राजबाहक
कम्पनी सचिव

शिखर इन्स्योरेन्स कम्पनी लि. काठमाडौं


**शिखर इन्स्योरेन्स कम्पनी लि.**
**केन्द्रीय कार्यालयः** शिखर बिज सेण्टर, थापाथली, पोष्ट बक्स नं. १०६९२, काठमाडौं, नेपाल
फोन नं. +९७७-१-५३४६१०१, ५३४६१०२, फ्याक्स: +९७७-१-५३४६१०३
E-mail: shikharins@mos.com.np, Web: www.shikharinsurance.com